## मिति २०८१/०३/०८ गते शनिबार, १५९ औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२. अनुगमन प्रतिवेदन सम्बन्धमा।

३. आगामी आ.व. २०८१/८२को बजेट तथा कार्यक्रम सम्बन्धमा।

४. VO स्वीकृत सम्बन्धमा।(कटुवाखोला पलासेहुँदै १९ नं. वडा कार्यालय जोडने सडक स्तरउन्नती)

५. वडा नं. ८ ढिकपुर चारकोठे भवनको पेटी निर्माण वापतको रकम भुक्तानी सम्बन्धमा।

६. इन्स्योर परियोजना अन्तर्गत संचालित पेशागत तालिम सम्झौता अवधि थप सम्बन्धमा।

७. रंगरोगन गरेको रकम भुक्तानी सम्बन्धमा। (वडा नं. १३ वडा कार्यालय)

८. विद्यालयले उपभोग गर्दै आएको जग्गा विद्यालयकै नाममा श्रेस्ता कायम गर्ने सम्बन्धमा।

९. ठेक्काको म्याद थप सम्बन्धमा।

१०. औद्योगिक ग्रामको डि.पि.आर. सम्बन्धमा।

११. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।

१२. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको योजना अनुगमन जाँच पास तथा फरफारक समितिका संयोजक तथा उपप्रमुख श्री हुमा कुमारी डि.सी.ज्यूको संयोजकत्वमा जेष्ठ महिनामा गरिएको २१ वटा योजनाहरुको अनुगमनको प्रतिवेदन नगरकार्यपालिका समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८०/८१को जेष्ठ महिनासम्मको ११ महिनाको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,१४,७२,९९,०००।- | १,६३,६०,७५४।६३ | ८८,२२,९७,६४८.३५<br>७०.०२% | ४४,९५,६६,९७५.९५<br>५०.६७% | |

**निर्णय नं. ४**

घोराही उपमहागनरपालिकाको चालु आ.व. २०८०/८१को ठेक्का नं. NCB/WORKS/GSMC/48/079/80 वडा नं. १९ कटुवाखोला पलासेहुँदै १९ नं. वडा कार्यालय जोडने सडक स्तरउनन्ती कल्भर्ट सहित निर्माणको क्रममा कार्य गर्दा साइटको अवस्था अनुसार परिमाण बढन गएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(५) बमोजिम गठिन विशेष समूहले अध्ययन र जाँचबुझ गरी मिति २०८१।०३।०२ गते बसेको बैठकबाट मुख्य मुख्य आइटमहरुमा VO1 गर्ने प्राप्त सिफारिस अनुसार Variation sheet मा उल्लेख भए अनुसार Original Contract Amount लाई Revised Contract Amount को आधारमा सुधार गरी ठेक्काको सुरु कबोल अंकमा १०.४९ प्रतिशत बढीको Vo1 स्वीकृत गर्ने।

**निर्णय नं. ५**

घोराही उपमहागनरपालिका वडा नं. ८ स्थित मा.वि ढिकपुरमा निर्माण भएको चारकोठे भवनको पेटी निर्माणका लागि स्वीकृत कोटेशन अनुसार निर्माण व्यवसायीबाट निर्माण सम्पन्न भएकोले योजनाको अन्तिम मुल्याङ्कन अनुसार हुन आएको रकम रु.१,१९,५८२।२० मध्ये ट्याक्स, कन्टीन्जेन्सी र धरौटी रकम कट्टी गरी बाँकी रकम रु.१,०९,७८८।८३(एक लाख नौ हजार सात सय अठासी र पैसा तिरासी) –ओसिस कन्स्ट्रक्सन घोराही १४लाई भुक्तानी दिने।

**निर्णय नं. ६**

नेपाल सरकार र स्विजरल्याण्ड सरकार बीच सम्झौता भई कार्यान्वयनमा आएको दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना दोस्रो चरण अन्तर्गत माध्यमिक विद्यालय रझेना घोराही १८ र बाल विकास माध्यमिक विद्यालय घोराही १४ मा क्रमशः पेशागत प्लम्बर र बिल्डिङ इलेक्ट्रिसियन विषयमा १६९६ घण्टा तह २ को कार्यगत अभ्यास सहितको तालिम सञ्चालन भई सम्पन्न भएको तर विविध कारणले प्रशिक्षार्थीहरुको सिकाइ डायरी संकलन गर्न नसकिएकोले समयमा सीप परिक्षणको प्रक्रिया अगाडी बढाउन नसकी भुक्तानी माग गर्न नसकिएको र तेस्रो किस्ता रकम सीप परिक्षणमा सहभागी भएपश्चात माग गर्न सकिने तथा चौथो किस्ताको रकम सीप परिक्षणको नतिजा प्रकाशित भएपछि माग गर्न सकिने व्यवस्था भएको तर सिप परिक्षण गर्ने तथा सोको नतिजा प्रकाशित गर्ने काम राष्ट्रिय सीप परिक्षण समितिले गर्ने र सीप परिक्षणको नतिजा प्रकाशन हुन सामान्यतया ३ महिना भन्दा बढी समय लाग्ने हुँदा सो कार्य तालिम प्रदायक संस्थाको पूर्ण नियन्त्रणमा नहुने भएकोले सम्झौता अवधिमा सम्झौता बमोजिमको काम सम्पन्न हुन नसक्ने अवस्था देखिएकोले चौथो/अन्तिम किस्ताको रकम सम्बन्धित शीर्षकमा आगामी आर्थिक वर्षको संघीय सशर्त अनुदानको रुपमा प्राप्त भएमा मात्र भुक्तानी गर्ने सर्तमा तालिम प्रदायक संस्थाले पेश गरेको संशोधित कार्यतालिका बमोजिम भुक्तानी प्रयोजनार्थ ६ महिना म्याद थपका लागि सामाजिक विकास महाशाखाबाट राय सहित पेश भए अनुसार उक्त तालिम प्रदायक संस्थाहरुसँगको सम्झौता अवधि २०८१।०१।१७ देखि २०८१।०७।१७गतेसम्म ६ महिना म्याद  थप गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १३ को कार्यालय बसेको भवन कार्यालय छोडेर जाँदा रङरोगन गरिदिने मौखिक सम्झौता भए बमोजिम वडा कार्यालयबाट ल.ई. तयार गरी स्वीकृत तथा कार्यसमेत सम्पन्न गरी भुक्तानीको लागि १३ नं. वडा कार्यालयको च.नं. ३६६४, मिति २०८१।०२।२० गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएको उक्त कार्यालय बसेको भवनको पाँच कोठा रङरोगन वापतको रकम सिद्धिविनायक ट्रेडर्स वडा नं. १४ लाई अन्तिम मुल्याङ्कन अनुसारको रकम रु.९३,७१३।९५(तिराननब्वे हजार सात सय तेह्र र पैसा पन्चाननब्बे) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ८**

**८.१** घोराही उपमहागनरपालिका वडा नं. १० श्री नवोदय बाल कल्याण आधारभूत विद्यालय दक्षिण अम्राईले स्थापना कालदेखि भोगचलन गर्दै आएको नारायणपुर ५ ख कि.नं. १८४ क्षेत्रफल १-०-४ जग्गा हालसम्म पनि दर्ता श्रेस्ता कायम हुन नसकेकोले विद्यालय व्यवस्थापन समितिको मिति २०८०।११।२४ गते बसेको बैठकको निर्णय र १० नं. वडा कार्यालयको च.नं. ४२५३, मिति २०८१।०२।२७ गतेको सिफारिस सहित अनुरोध भई आएकोले उक्त विद्यालयले उपभोग गर्दै आएको जग्गा विद्यालयको नाममा दर्ता श्रेस्ता कायमका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने।

**८.२** घोराही उपमहानगरपालिका वडा नं. १८ श्री अम्बिकेश्वरी आधारभूत विद्यालय बेलघारीले उपभोग गर्दै आएको नेपाल सरकारको नाममा रहेको कि.नं. ५१७३ क्षेत्रफल ४-१-११  रहेको जग्गा  विद्यालयको नाममा दर्ता श्रेस्ता कायमका लागी मिति २०८१।०२।२३ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय र १८ नं. वडा कार्यालयको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त विद्यालयले उपभोग गर्दै आएको जग्गा विद्यालयको नाममा दर्ता श्रेस्ता कायमका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने।

## निर्णय नं. ९

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो पटक म्याद थप भएको मिति | दोस्रो पटक म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/14/079/080 | वडा नं. १० नारायणपुर दुरसंचार टोलमा योगसभा हल निर्माण | पञ्चकोसी कन्स्ट्रक्सन प्रा.लि. | २०८०।०१।१७ | २०८०।०३।३१ | २०८१।०१।०१ | २०८१।०३।३० |
| २ | NCB/WORKS/GSMC/16/079/080 | चारकोठे भवन मा.वि. बालविकास नयाँबजार वडा नं. १४ | राना ब्रदर्स कन्सट्रक्सन | २०८०।०२।१७ | २०८०।०३।३१ | २०८०।१२।१६ | २०८१।०३।३१ |
| ३ | NCB/WORKS/GSMC/19/079/080 | दुईकोठे भवन प्रा.वि. सुर्केडाँगी वडा नं २ तथा दुईकोठे भवन प्रा.वि. माले वडा नं. २ | शान्ति ग्रुप अफ कन्स्ट्रक्सन | २०८०।०४।२९ | २०८०।१०।१० | २०८१।०३।३० | |
| ४ | NCB/WORKS/GSMC/18/079/080 | दुईकोठे भवन आधारभूत विद्यालय बाम्ला सैघा वडा नं. १९ तथा दुईकोठे भवन मा.वि. होडवाङ सैघा वडा नं. १९ | समृद्धी कन्स्ट्रक्सन प्रा.लि. | २०८०।०४।२९ | २०८०।१०।२८ | २०८१।०६।२९ | |
| ५ | NCB/WORKS/GSMC/6/078/079 | खैरा कोठरी सडक पिच | रोयल बिल्डर्स | २०७८।१०।०७ | २०७९।०३।३१ | २०८०।१२।३० पूर्व निर्धारित क्षतिपूर्ति असुल उपर गरी पहिलो पटक म्याद थप | २०८१।०३।३० पूर्व निर्धारित क्षतिपूर्ति असुल उपर गरी दोस्रो पटक म्याद थप |
| ६ | NCB/WORKS/GSMC/7/078/079 | नारायणपुर स्वास्थ्य संस्था भवन निर्माण वडा नपं. १० | रोयल बिल्डर्स | २०७८।१२।०७ | २०७९।०३।३१ | २०८०।१२।३० पूर्व निर्धारित क्षतिपूर्ति असुल उपर गरी पहिलो पटक म्याद थप | २०८१।०३।३० पूर्व निर्धारित क्षतिपूर्ति असुल उपर गरी दोस्रो पटक म्याद थप |
| ७ | NCB/WORKS/GSMC/2/078/079 | घोराही चोकदेखि गुलरिया पार्कसम्म सडक पिच | पुष्पाञ्जली पि.स.(जे.भी.) नौवस्ता ८ बाँके | २०७८।११।०४ | २०७९।०३।३२ | २०८१।०३।३० पूर्व निर्धारित क्षतिपूर्ति असुल उपर गरी पहिलो पटक म्याद थप | |

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको औद्योगिक ग्राम निर्माणका लागि छनौट भएको परामर्शदाता White Horse Engineering Services Pvt.Ltd. पुल्चोक ललितपुरबाट निर्माण भई पेश भएको घोराही उपमहागनरपालिकाको औद्योगिक ग्रामको विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको मिति २०८१।०३।०७ गते बसेको नगर शिक्षा समिति बैठकको निर्णय अनुमोदन गर्ने।

११.१ घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका विद्यालयहरुको कक्षा तथा विषय थप गर्ने ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | कक्षा थप | अनुमति दिइएको विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | शुभप्रभात मा.वि. | घोराही १४ | ११ | शिक्षा र व्यवस्थापन | |
| २ | जनजागृति मा.वि. लमडरुवा | घोराही १० | १२ | शिक्षा र व्यवस्थापन | |
| ३ | मेचीकाली आवासीय माध्यमिक विद्यालय प्रा.लि. | घोराही १५ | ११ | व्यवस्थापन | |
| ४ | अम्बिका मा.वि. हर्नोक | घोराही १ | १२ | शिक्षा | |
| ५ | बाल कल्याण मा.वि. खैरा | घोराही ११ | १२ | शिक्षा र व्यवस्थापन | |
| ६ | गोरखा इन्टरन्याशनल पब्लिक सेकेन्डरी | घोराही १४ | १४ | होटल म्यानेजमेन्ट | |
| ७ | दिपशिखा आवासीय माध्यमिक विद्यालय | घोराही १५ | १२ | होटल म्यानेजमेन्ट | |

११.२ थारु भाषाको पाठ्यपुस्तक निर्माणका लागि छनौट भएको परामर्शदाता थारु कल्याणकारिणी सभाबाट निर्माण भएको कक्षा २ को थारु भाषाको पाठ्यपुस्तक हमार थारु भाषा स्वीकृत गर्ने।

११.२ घोराही उपमहानगरपालिकाको वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने।

११.३ घोराही उपमहानगरपालिकाका वडा नं. १४ स्थित बाल विकास माध्यामिक विद्यालयमा विद्यार्थीको चाप रहेकोले उक्त विद्यालयमा सामाजिक विषयको माध्यमिक तहको १ वटा स्वयंसेवक शिक्षक पदको कोटा कायम गर्ने।

**निर्णय नं. १२**

१२.१ घोराही उपमहानगरपालिकाको कृषि विकास शाखा अन्तर्गत रहेको चालु आ.व. २०८०/८१को बजेट तथा कार्यक्रममा अधुरा डिप बोरिङ सञ्चालन शीर्षकमा रु. १ करोड रकम विनियोजन भएकोमा मिति २०८०।११।२१ गते बसेको नगरकार्यपालिकाको १५४औं बैठकबाट उक्त शीर्षकमा विनियोजित रकमबाट विभिन्न अधुरा डिपबोरिङ निर्माणका लागि रकम बाँडफाँड भएकोमा केहि डिप बोरिङ निर्माणमा बाँडफाँड गरिएको रकम भन्दा कम रकम खर्च भएको र वडा नं. ८को बुटनियामा निर्माण गरिएको डिप बोरिङ संचालनका लागि विद्युतीकरण समेत गर्नुपर्ने भएको हुँदा बाँडफाँड भएको रकममा रु.५,७८,७५८।- थप गरी हुन आउने रकम रु.२१,२८,२१७।- अधुरा डिप बोरिङ संचालन शीर्षकमा बाँकी रहेको रकमबाट खर्च हुनेगरी भुक्तानी दिने।

१२.२ जिल्ला ट्राफिक कार्यालय कार्यशाखा घोराही दाङको च.नं. ८७४, मिति २०८१।०२।३२ गतेको पत्रबाट सडक दुर्घटना न्यूनिकरणका लागि ट्राफिक नियम सम्बन्धि जनचेतनात्मक कार्यक्रम संचालन गर्न विद्यालय तथा बसपार्कमा ट्राफिक कर्नर अभियानका लागि आर्थिक सहयोग माग भई आएकोले ट्राफिक कर्नर होर्डिङ बोर्ड निर्माणका लागि अधिकतम रकम रु.५०,०००।— सम्म खर्च भएको विल भर्पाइ अनुसार सम्बन्धीत पार्टीको नाममा घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

१२.३ दाङ चेम्बर अफ कमर्स घोराही दाङको आयोजनामा मिति २०८०।१०।२३ गतेदेखि २०८०।११।०८ गतेसम्म सञ्चालित दाङ Expo-२०८० मा यस घोराही उपमहानगरपालिकाबाट राखिएको १ वटा स्टल वापतको रकम भुक्तानीका लागि घोराही उपमहागनरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट रकम रु.१०,०००।— (दश हजार) दाङ चेम्बर अफ कमर्स घोराही दाङलाई भुक्तानी दिने।